# नेपाल धितोपत्र बोर्ड

जावलाखेल, ललितपुर, फोनः ०१-५५४१०५७, ०१-५५५११६२ ।

## आवश्यकता

**(प्रकाशन मितिः २०७५।०८।१७)**

यस बोर्डमा रिक्त रहेको देहायको पदमा एक वर्षको लागि करारमा काममा लगाउनु पर्ने भएकोले तल उल्लेखित योग्यता पुग्ने नेपाली नागरिकबाट दरखास्त आव्हान गरिन्छ । दरखास्त दिन चाहने उम्मेदवारले यो सूचना पहिलो पटक प्रकाशन भएको मितिले २१ (एक्काईस) दिनभित्र यस बोर्डबाट निर्धारित दरखास्त फाराम रितपूर्वक भरी बोर्डको कार्यालयमा पेश गर्नुपर्नेछ । दरखास्त फाराम बोर्डको प्रशासन शाखाबाट प्राप्त गर्न सकिनेछ । दरखास्त साथ आफूले प्राप्त गरेको शैक्षिक योग्यता, तालिम, अनुभव र नेपाली नागरिकताको प्रमाणपत्रको नोटरी पब्लिकबाट प्रमाणित प्रतिलिपि एक एक प्रति संलग्न गर्नुपर्नेछ । सरकारी, गैरसरकारी वा अन्य कुनै पनि संगठित संस्थामा कार्यरत उम्मेदवारले दरखास्त साथ सम्बन्धित संस्थाको स्वीकृति समेत अनिवार्य रुपमा पेश गर्नुपर्नेछ । म्याद नाघि आएको, रित नपुगेको तथा आवश्यक शैक्षिक योग्यता नपुगेको र शर्त सहितको दरखास्त उपर कुनै कारवाही हुने छैन ।

| पद र श्रेणी | निर्देशक, चार्टर्ड एकाउन्टेन्ट (अधिकृत द्वितीय श्रेणी) |
|---|---|
| आवश्यक संख्या | १ (एक) |
| आवश्यक न्यूनतम योग्यता | मान्यता प्राप्त शिक्षण संस्थाबाट चार्टर्ड एकाउन्टेन्सी उत्तीर्ण गरी नेपाल चार्टर्ड एकाउन्टेन्ट संस्थाको सदस्यता प्राप्त गरेको । (नेपाल बाहेक अन्य देशबाट हासिल गरेको शैक्षिक योग्यता भएमा सोको साथमा त्रिभुवन विश्वविद्यालयबाट समकक्षता निर्धारण गरेको प्रमाणपत्रको प्रतिलिपि समेत अनिवार्य रुपमा पेश गर्नुपर्नेछ ।) |
| उमेरको हद | दरखास्त दिने अन्तिम मितिमा २१ वर्ष पूरा भई ४० वर्ष ननाघेको |
| अनुभव | कुनै सरकारी सेवा वा प्रचलित कानून बमोजिम स्थापित भएको संगठित संस्था वा अन्तर्राष्ट्रिय संघ संस्था वा पूँजी बजार, बैंक, वित्तीय, बीमा वा कानुन सम्बन्धी काम गर्ने संस्थामा अधिकृतस्तर वा सो सरहको पदमा कम्तीमा पाँच वर्षको कार्यानुभव हुनुपर्ने । |
| परीक्षाको किसिम | पदपूर्ति समितिले निर्धारण गरे बमोजिम हुनेछ ।<br>(पाठ्यक्रम बोर्डको वेभसाईट www.sebon.gov.np मा उपलब्ध छ ) |
| परीक्षा दस्तुर | रु. २५००।- (रु. दुई हजार पाँच सय)<br>नेपाल इन्भेष्टमेन्ट बैंक लिमिटेड, बत्तीसपुतलीमा रहेको नेपाल धितोपत्र बोर्डको चल्ती खाता नं. ०१९०१०३००२२९८७ मा जम्मा गरेको भौचर पेश गर्नुपर्ने |
| परीक्षा मिति र स्थान | सम्पर्क मितिमा सूचना प्रकाशन गरी जानकारी गराइनेछ । |
| सम्पर्क मिति | दरखास्त दिने अन्तिम मितिको सातौं दिन । सो दिन विदा परेमा लगत्तै कार्यालय खुलेको दिन |

कुनै पनि संस्थाको सेवाबाट भविष्यमा अयोग्य ठहरिने गरी अवकाश पाएको, नैतिक पतन देखिने फौज्दारी अभियोगमा अदालतबाट दोषी प्रमाणित भएको र मानसिक सन्तुलन ठीक नभएको उम्मेदवारको दरखास्त उपर कुनै कारवाही हुने छैन । कारण खुलाई वा नखुलाई कुनै पनि दरखास्त रद्द गर्ने अधिकार पदपूर्ति समितिमा निहित हुनेछ ।

सदस्य सचिव

पदपूर्ति समिति